# सुझावहरु

१. मस्यौदा संविधानको प्रस्तावना, नेपाल राज्य, तथा राज्यको निर्देशक सिद्धान्तमा समाजवाद उल्लेख गरिएको छ । संविधानले आत्मसात गरेको समाजवाद कस्तो हो भनेर परिभाषित गर्नुपर्दछ ।

२. मस्यौदाको राज्यका निर्देशक सिद्धान्त तथा विषयगत नीतिअन्तर्गत अर्थ बाणिज्यसम्बन्धी नीतिमा सहकारीलाई अर्थतन्त्रको छुट्टै क्षेत्रको रुपमा उल्लेख गरिएको छ । निजी क्षेत्रको विकाससँग सहकारिताको सम्बन्धलाई अध्ययन गरी यससम्बन्धमा थप स्पष्टता कायम गरिनु पर्दछ ।

३. प्रस्तावित संविधानमा २९ वटा हकलाई मौलिक हकअन्तर्गत राखिएको छ । ती सबै हकको उपभोग सुनिश्चित गर्नसक्ने राज्यको आर्थिक क्षमता तत्काल देखिदैंन । फेरि तीमध्ये केहीलाई सामाजिक सुरक्षाको विषयले समेट्न सक्ने भएकोले ती खालका विषयलाई सामाजिक सुरक्षाको विषयमा समेट्नु पर्दछ ।

४. मस्यौदामा राज्यका नीतिहरु भनेर १३ वटा विषयमा क्षेत्रगत नीतिहरु उल्लेखित छन् । त्यस्ता नीतिहरुलाई संक्षिप्तरुपमा राखिनु पर्दछ ।

५. समावेशीकरण अहिलेको राजनीतिक परिवर्तनको एउटा प्रमुख मुद्दा हो । त्यसैले पछाडि परेका सबै वर्गहरुलाई लक्षित गरेर संविधानमा एउटा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरी अरु त्यसप्रकारका आयोगहरु हटाउनु उपयुक्त हुन्छ ।

६. निजी लगानीकर्ताको हकअन्तर्गत उनीहरुको लगानी राष्ट्रियकरण नगरिने, दोहोरो कर नलाग्ने, उद्योग सजिलै बन्द गर्न सकिने अधिकारहरु उल्लेख गर्नुपर्दछ ।

७. मस्यौदामा वैदेशिक पुँजी तथा प्रविधिलाई आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा प्रोत्साहित गरिने उल्लेख छ । विदेशी लगानीको सन्दर्भमा नेपालले गरेका बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय प्रतिबद्धतालाई असर नपर्ने गरी वैदेशिक लगानी अधिकतमरुपमा आकर्षित गर्नुपर्दछ ।

८. विमा व्यवस्थापन र संचालन, बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाहरु प्रादेशिक सरकारको पनि क्षेत्राधिकार रहने उल्लेख छ । यिनीहरु संघीय सरकारको क्षेत्राधिकार भित्र नै रहने व्यवस्था गर्नु पर्दछ ।

९. शिक्षाको दायित्व संघीय सरकार अधीनस्थ रहनुपर्दछ ।

१०. मस्यौदा संविधानको धारा ११९ मा गुठी रकम तथा नेपालको कुनै ऐनले अन्यथा प्रबन्ध गरेको बाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै रकम संघीय सञ्चित कोषमा जम्मा हुने उल्लेख छ । पारदर्शिता, जवाफदेहिता र स्रोतलाई राष्ट्रीय प्रणालीमा आबद्ध गर्नका लागि गुठी रकमबाहेक सबै यस्तो रकम उल्लेखित कोषमा नै जम्मा हुने व्यवस्था गर्नुपर्दछ ।

११. राष्ट्रले विदेशी ऋण लिँदा समष्टिगत आर्थिक स्थायित्व कायम राख्ने लेखिएकोमा स्वदेशी ऋण लिँदासमेत त्यस्तो स्थायित्व ख्याल राख्नुपर्ने उल्लेख गर्नु उपयुक्त हुन्छ ।

१२. एक राज्यबाट अर्को राज्यमा वस्तुहरुका साथै पुँजी एवं श्रमिकको आवतजावत पनि सुनिश्चित हुने कुरा उल्लेख गरिनुपर्दछ ।

१३. नेपाल राष्ट्रको क्षेत्रको परिभाषा गर्दा यहाँको जमीनमाथिको आकाश समेत नेपालको क्षेत्रमा पर्ने भनेर उल्लेख गर्नुपर्दछ ।